कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"

**चैनपुर नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, सङ्खुवासभा

स्था: २०७३

पत्रसंख्या:०७९/०८०
चलानी नं. ३६

१ नं. प्रदेश, नेपाल
मिति :२०७९/०४/०६

**विषय: सूचना टास गरि जानकारी पठाउने सम्बन्धमा ।**

श्री वडा अध्यक्ष ज्यू
चैनपुर नगरपालिका
सवै वडा कार्यालयहरु (१-११)

श्री जिल्ला अदालत
सङखुवासभा ।

श्री ईलाका प्रशासन कार्यालय
चैनपुर ।

श्री मालपोत कार्यालय
चैनपुर ।

यस कार्यालयलको मिति २०७९/०४/०६ गते को बहाल बिटौरी शुल्क( हाटकर ) सम्बन्धि ठेक्का आह्वानको सूचना पाना संख्या २ यसै पत्र साथ संलग्न छ । सो सूचना तहाँ कार्यालयको सूचना पाटिमा टास गरि जानकारी पठाई दिनुहुन अनुरोध छ ।

किरण प्रसाद ढकाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**<u>बोधार्थ</u>**

सूचना प्रविधि शाखा,चैनपुर नगरपालिका-वेवसाइट/फेसबुक पेज तथा वडा कार्यालयमा मेल गर्नुहुन ।

फोन नं.: ०२९-५७०१३१,०२९-५७००४९, वेबसाइट :chainpurmun.gov.np
ई-मेल:chainpurmun@gmail.com

कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## चैनपुर, सङ्खुवासभा

स्थाः २०७३

पत्रसंख्याः०७९/०८०

चलानी नं.

१ नं. प्रदेश, नेपाल

## आन्तरिक आय संकलन सम्बन्धि ठेक्का आह्वानको सूचना

दोश्रो पटक प्रकाशित मिति-२०७९/०४/०६

स्थानीय सरकार संचालन ऐन २०७४एवं यस चैनपुर नगर कार्यापालिकाको ११ औ नगर सभाको निणर्य बमोजिम चैनपुर नगरपालिका अर्न्तगत आन्तरिक आय संकलन को लागि आ.ब. २०७९/०८० असार मसान्त सम्मको लागि तपशिल बमोजिमको आन्तरिक आय अर्न्तगत बहाल बिटौरी कर  हाटकर संकलनको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, संस्थाहरुले तपशिल बमोजिमको सर्त बन्देजको अधिनमा रहि यस नगरपालिकामा तोकिएको समय भित्र छुटाछुटै गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम बार्षिक ठेक्का अंक रु. | शिलबन्दी दरभाउपत्र फारम बुझाउने अन्तिम समय र मिति | शिलबन्दी दरभाउपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| २ | ०३/०७९/८० | साप्ताहिक शुकबारे हटिया चैनपुर ६ | १ बर्ष | १०००००। भ्याट सहित | २०७९/०४/१२ गते कार्यालय समय सम्म | २०७९/०४/१३ गते दिनको २:०० बजे |
| ३ | ०४/०७९/८० | साप्ताहिक मंगलबारे हटिया चैनपुर १० खराङ | १ बर्ष | १००००। भ्याट सहित | २०७८/०४/२४ गते कार्यालय समय सम्म | २०७९/०४/१३ गते दिनको २:०० बजे |
| ४ | ०५/०७९/८० | मंगलबारे र शुकबारे हटिया चैनपुर ३ र ४ पोखरी बजार | १ बर्ष | १००००। भ्याट सहित | २०७८/०४/२४ गते कार्यालय समय सम्म | २०७९/०४/१३ गते दिनको २:०० बजे |

१. शिलबन्दी दरभाउपत्र फारम निशुल्क  यस कार्यालयबाट प्राप्त हुने छ । शिलबन्दी दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औ दिनको ५ बजे कार्यालय समय भित्र खरिद गरि भोलिपल्ट ८ औ दिनको १२:०० वजे भित्र यस कार्यालयमा पेश गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउपत्र साथ जमानत बापत कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड चैनपुर शाखामा रहेको धरौटी खाता च.हि.न.२०३०१००३०३००००२  मा जम्मा वा कार्यालयमा नगदै बुझाएको रसिद भौचर संग्लन राखि पेश गर्नुपर्ने छ ।

३. शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम दिन वा शिलबन्दी दरभाउपत्र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता हुने तथा खोलिनेछ ।

४. छुट्टाछुटै विषयको शिलबन्दी दरभाउपत्र फारम छुट्टाछुटै खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्काको बिषय खोलि यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नुपर्नेछ ।

५. रितपुर्वक दाखिला भएको शिलबन्दी दरभाउपत्रहरु तोकिएको मिति र समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा चैनपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा नियम अनुसार खोलिनेछ । तर दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको शिलवन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन ।

७. शिलबन्दी दरभाउपत्र साथ दरभाउपत्र दाताले नेपाली  नागरिकताको प्रतिलिपी अनिवार्य संग्लन गनुपर्ने छ । संस्थाको हकमा दर्ताको प्रमाण पत्रको प्रतिलिपी , नविकरण गरेको प्रतिलिपी, कर कार्यालयमा दर्ता भएको प्रतिलिपी, नियम अनुसारको कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य संग्लन गरेको हुनुपर्नेछ ।

फोन नं.: ०२९-५७०१३१,०२९-५७००४९, वेबसाइट :chainpurmun.gov.np
ई-मेल:chainpurmun@gmail.com

प्रमुख प्रशासकीय अधिकृत

पत्रसंख्या:०७९/०८०
चलानी नं.
१ नं. प्रदेश, नेपाल

८. ठेक्का स्विकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र नियम अनुसार सम्झौता गर्न उपस्थित हुनुपर्ने छ अन्याथा धरौटी जफत गरी प्रचलित नियम अनुसार हुनेछ ।

९. आफुले कवोल गरेको वार्षिक अंक रकम एकमुष्ट बुझाई सम्झौता गरेमा १० प्रतिशत छुट दिइनेछ ।

१०. कवोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ट नबुझाएको अवस्थामा सम्पूर्ण कवोल गरेको ठेक्का रकमलाई बार्षिक रुपमा दुई किस्तामा विभाजन गरिने र पहिलो किस्ता रकम सम्झौता भएको बखत बुझाउनु पर्नेछ । र दोश्रो किस्ता तथा अन्तिम किस्ता रकम २०७८ चैत्र मसान्त सम्मान बुझाउनु पर्ने छ । तोकिएको अवधि भित्र किस्ता नबुझाएमा सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

११. ठेकेदारले आय संकलनका लागि लिएको ठेक्का नगरपालिकाले तोकेको दर भन्दा बढी लिन पाइने छैन । बढी लिइएको पाइएमा वा लिइएको ठहरिएमा ठेकेदारलाई जरिवाना असुल गरिने छ र आवश्यक देखिएमा ठेक्का सम्झौता खारेज गर्न सकिने छ ।

१२ ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानि नोक्सानी पुऱ्याएमा सो को हर्जना असुल उपर गर्नुका साथै ठेकेदारलाई आवश्यक कारवाही गरिनेछ ।

१३. ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाहा , छुट, हर्जना सहुलियत माग गर्न पाउने छैन ।

१४. कर, शुल्क, दस्तुर अशुल गर्ने प्रयोजनका लागि नगर कार्यपालिकाको कार्यालयले तोकेको ढाचा र छाँपिएको दररेट भएको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाँई नगरपालिकामा अभिलेख गराई छाँप लगाएर मात्र प्रयोग गर्न पाइनेछ ।

१५. कुनैपनि चिठ्ठी, तार, टेलिफोन, फ्याक्सबाट आएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन ।

१६. यस ठेक्का सम्बन्धमा कुनै किसिमको विबाद उत्पन्न भएमा नगर कार्यपालिका कार्यालयको निर्णय अन्तिम हुने र दुवै पक्षलाई मान्य हुनेछ ।

१७. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

१८. नेपाल सरकार, प्रदेश सरकार ,यस नगरपालिकाको आदेश निर्देशन, निर्णयको ठेकेदारले अक्षरस पालना गर्नुपर्नेछ ।

१९ यस सुचनामा उल्लेख भएको शर्त यसै बमोजिम र नभएको कुराहरुको हकमा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

२०. ठेक्का सम्झौता भएपछि अन्य दर्खास्त वालाहरुको धरौटीको रकम फिर्ता दिइनेछ ।

२१.अन्य जानकारीको लागि चैनपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

किरण प्रसाद ढकादल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत